**प्रस्तावहरुः**

२०८२/०८३-०५।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८२/०८३-०५।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८२/०८३-०५।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८२/०८३-०५।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८२/०८३-०५।०५ आर्थिक वर्ष २०८२/०८३ को पहिलो त्रैमासिक आय, व्यय सहित प्रगति प्रतिवेदन सम्बन्धमा ।

२०८२/०८३-०५।०६ नवप्रवर्तन साझेदारी परियोजना प्रस्ताव पेस गर्ने सम्बन्धमा।

२०८२/०८३-०५।०७ नदिजन्य पदार्थको उत्खनन्, भण्डारण तथा विक्री वितरणको लागि IEE सम्बन्धमा ।

२०८२/०८३-०५।०८ बजार अनुगमनको समिक्षा सम्बन्धमा ।

२०८२/०८३-०५।०९ सार्वजनिक सुनुवाइ सम्बन्धमा ।

२०८२/०८३-०५।१० स्याक्लुङकोट, रामकोट, काउने पोखरी, रामदी सडकको Detail Engineering Report (DER) सम्बन्धमा ।

२०८२/०८३-०५।११ आर्थिक वर्ष २०८३/०८४ को आय,व्यय प्रक्षेपण सम्बन्धमा।

२०८२/०८३-०५।१२ विविध सम्बन्धमा ।

छोरी पेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।

खर्च अनुमोदन/भुक्तानी सम्बन्धमा ।

रुपा गाउँपालिका कास्कीको वन कार्यविधि, २०८२ सम्बन्धमा ।

योजनाको Variation Order (VO) सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०१**

प्रस्ताव नं २०८२/०८३-५।०१ उपर छलफल गर्दा १७२औँ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल गरी समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०२**

प्रस्ताव नं २०८२/०८३-५।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउदै आएको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाह प्रणालीलाई थप परिष्कृत गर्ने निर्णय गरियो ।साथै जेन् जीको प्रदर्शनी/आन्दोलनका क्रममा क्षती भएका जिल्लास्थित कार्यालयहरुसँग

समन्वय र सहकार्य गरी पुनर्निमाणमा सहजीकरण गरी रूपा गाउँपालिकासँग जोडिएका सेवाहरूलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०३**

प्रस्ताव नं २०८२/०८३-५।०३ उपर छलफल गर्दा सम्बन्धित संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०४**

प्रस्ताव नं २०८२/०८३-५।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०५**

प्रस्ताव नं २०८२/०८३-५।०५ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ को पहिलो त्रैमासिकमा रूपा गाउँ कार्यपालिकाको कार्यालयमा भए गरेका कार्यहरूको प्रगति विवरण सहितको तपसिलको आय, व्यय विवरणको बारेमा छलफल भइ उक्त खर्च अनुमोदन गरियो ।

तपसिलः

| आय | | व्यय | | |
|---|---|---|---|---|
| शीर्षक | वास्तविक आय | शीर्षक | खर्च | खर्च(%) |
| संघीय सरकार | ७,७८,९८,०००.०० | चालु | ६,९३,७५,५१०.१६ | २०.०५ |
| १३३११ समानिकरण अनुदान | १,९१,२५,०००.०० | २११११ पारिश्रमिक कर्मचारी | ५,६६,७९,९६४.१६ | ३२.६५ |
| १३३१२ शसर्त अनुदान चालु | ५,६९,५८,०००.०० | २१११२ पारिश्रमिक पदाधिकारी | २४,३३,०००.०० | ३०.४१ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १८,१५,०००.०० | २११२१ पोशाक | ० | ० |
| १३३१४ विषेश अनुदान चालु | ० | २११२३ औषधीउपचार खर्च | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | २११३२ महंगी भत्ता | ४,६५,०००.०० | २४.३५ |
| प्रदेश सरकार | २३,३५,२५०.०० | २११३३ फिल्ड भत्ता | ० | ० |
| १३३११ समानिकरण अनुदान | २३,३५,२५०.०० | २११३४ कर्मचारीको बैठक भत्ता | ८४,५५०.०० | ८.३६ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ० |
| राजस्व बाडफाड | १,००,०५,९१८.४५ | २११३९ अन्य भत्ता | ० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७३,३१,७३१.३० | २११४१ पदाधिकारी बैठक भत्ता | २४,०००.०० | २.६१ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २६,७४,१८७.१५ | २११४२ पदाधिकारीअन्य सुबिधा | ० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ० | २११४९ पदाधिकारी अन्य भत्ता | ० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ० | ० |
| अन्तरिक श्रोत | ७,३६,४१,३९९.७९ | २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | | कोष खर्च | | |
| ११३१३ सम्पती कर | ० | २१२१४ कर्मचारी कल्याण कोष | ० | ० |
| ११३१४ भुमिकर/मालपोत | ० | २२१११ पानी तथा बिजुली | २३,४६०.०० | ३.४ |
| ११३१७ वहाल कर | ० | २२११२ संचार महसुल | १,३५,९३७.०० | २२.४७ |
| ११४७९ अन्य मनोरञ्जन कर | ० | २२२११ इन्धन (पदाधिकारी) | १,००,०००.०० | ११.७६ |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३,५५,०१४.०० | १० |
| ११६९१ अन्य कर | ० | २२२१३ सवारी साधन मर्मत खर्च | ६,३३,०१६.०० | १८.५३ |
| १४१९१ पर्यटन शुल्क | ० | २२२१४ बिमा तथा नवीकरण खर्च | ३०,०००.०० | ४ |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ० | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८५,८००.०० | १०.४६ |
| १४२२१ न्यायिक दस्तूर | ० | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४,०२,५७२.०० | १३.५५ |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ० | २२३१४ इन्धन - अन्य प्रयोजन | ० | ० |
| १४२२४ परीक्षा शुल्क | ० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,७७,५२३.०० | १४.२ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ० | २२४११ सेवा र परामर्श खर्च | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | ० | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ० | ० |
| १४२४३ सिफारिश दस्तुर | ० | २२४१३ करार सेवा शुल्क | ५५,१५,७५०.०० | २३.०९ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | २२४१४ सरसफाईसेवा शुल्क | ६,८६०.०० | ३.८१ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ० | २२४१९ अन्य सेवा शुल्क | २,४००.०० | ०.२७ |
| १४२४९ अन्य दस्तुर | ० | २२५११ कर्मचारी तालिम खर्च | ० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ० | ० |
| १४२६५ अन्य क्षेत्रको आय | ० | २२५२२ कार्यक्रम खर्च | १०,५२,६०५.०० | १.२७ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ० | २२५२९ विविध कार्यक्रम खर्च | ८२,३७९.०० | १.०९ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २२६११ अनुगमन, मूल्यांकन खर्च | ० | ० |
| १४५२९ अन्य राजस्व | ० | २२६१२ भ्रमण खर्च | ३,८३,२००.०० | ११.५८ |
| १४६११ व्यवसाय कर | ० | २२७११ विविध खर्च | ५,०३,९८०.०० | ७.९९ |
| १५१११ बेरूजू | ० | २२७२१ सभा सञ्चालन खर्च | ० | ० |
| ३२१२२ बैंक मौज्दात | ७,३६,४१,३९९.७९ | २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ० | ० |
| जम्मा | १६,३८,८०,५६८.२४ | २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,२५,०००.०० | ६.१ |
| | | २७२१३ औषधीखरिद खर्च | ० | ० |
| | | २८१४२ घरभाडा | ० | ० |
| | | २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ७३,५००.०० | १३.३६ |
| | | २८९११ भैपरी आउने चालु खर्च | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| | | पूंजीगत | १,९३,५२,२५५.०० | १२.८५ |
| | | ३११२१ सवारी साधन | ४,७६,३९८.०० | ११.४८ |
| | | ३११२२ मेशिनरी तथा औजार | २,५०,२१९.०० | ४.६१ |
| | | ३११२३ फर्निचर तथा फिक्चर्स | ० | ० |
| | | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ० | ० |
| | | ३११५१ सडक तथा पूल निर्माण | १५,३२,१५०.०० | २.६८ |
| | | ३११५५ सिंचाई संरचना निर्माण | ० | ० |
| | | ३११५६ खानेपानी संरचना निर्माण | ० | ० |
| | | ३११५९ अन्य सार्वजनिक निर्माण | १,७०,९३,४८८.०० | २४.२६ |
| | | जम्मा | ८,८७,२७,७६५.१६ | १७.८७ |

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०६**

प्रस्ताव नं २०८२/०८३-५।०६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको मिति २०८२/०६/२८ को सूचना अनुसार नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ का आधारमा नवप्रवर्तन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव माग भएकोमा रूपा गाउँपालिकामा रहेका खाली जग्गामा मसलाजन्य बाली लगाउने गरी मसलाजन्य बाली उत्पादन तथा प्रवर्धन परियोजना सञ्चालनार्थ प्रस्ताव तयार गरी पेस गर्ने।

ख) नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ अनुसार रूपा गाउँपालिका कास्कीको न्यूनतम साझेदारी बापत हुन आउने रकम आगामी हिउँदे गाउँसभाबाट अनुमोदन हुने र संघ तथा प्रदेश सरकार साझेदारी शीर्षकबाट खर्च लेख्नेगरी बजेट सुनिश्चितता सहित परियोजना प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिवद्धता गरियो ।साथै उक्त परियोजना सञ्चालनका लागि यस कार्यालयमा कार्यरत प्रशासकीय अधिकृत सातौं अमरराज पंगेनीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०७**

प्रस्ताव नं २०८२/०८३-५।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्की क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा विक्री वितरणका लागि आवश्यक पर्ने IEE प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०८**

प्रस्ताव नं २०८२/०८३-५।०८ उपर छलफल गर्दा नेपालीहरूको महान पर्वहरूको अवसरमा हुनसक्ने कालोबजारीलाई निरीक्षण तथा नियन्त्रण गरी गुणस्तरीय खाद्यान्नको प्रत्याभुति दिलाइ स्थानीयस्तरमा स्थापना भएका पसलहरूको दर्ता प्रक्रियामा ल्याउनका लागि दशै तथा दिपावलीको समयमा गरिएको बजार अनुगमनको समिक्षा गरी उक्त अनुगमनमा देखिएका सुधार गर्न सकिने

पक्षहरूको सुधार गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन सहित पेस भएको प्रतिवेदन स्वीकृत गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।०९**

प्रस्ताव नं २०८२/०८३-५।०९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको पहिलो त्रैमासिक अवधिमा सम्पादित कार्यहरू सम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८२/०७/२८ शुक्रबार

समयः बिहान ११.०० बजेदेखि

स्थानः रुपा ६ भिरचोक

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।१०**

प्रस्ताव नं २०८२/०८३-५।१० उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका कास्कीको वडा नं ७ स्थित स्याक्लुङकोट-रामकोट र वडा नं ५ मा स्थित काउनेपोखरी-रामदी सडकहरू निर्माणका लागि संयुक्त Detailed Engineering Report (DER) तयार गर्न छनौट भइ कार्यदेश दिइएको Wikreate Nepal PVT.Ltd. परामर्शकर्ताद्वारा लागत रकम रू. ६,९९,९०,८२८।३६ (अक्षरेपि छ करोड अनान्सय लाख नब्बे हजार आठ सय अठ्ठाइस रूपैयाँ छत्तिस पैसा) भएको संयुक्त Detailed Engineering Report (DER) मिति २०८२/०७/१२ मा कार्यालयमा पेस भएको र सो स्वीकृतका लागि पेस हुन आएकाले उक्त लागत अनुमान र संयुक्त Detailed Engineering Report (DER) स्वीकृत गर्ने निर्णय गरियो।

ख) संघीय समपुरक अनुदान मार्फत चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन लागि छनौट भएको रूपा गाउँपालिका कास्कीको मुख्य सडक रामकोट-रामदीको केही खण्ड र शाखा सडक रामकोट-स्याक्लुङकोट सडक जोड्नेगरी स्याक्लुङकोट-रामकोट-काउनेपोखरी-रामदी सडक निर्माण आयोजनाका लागि कार्यपालिकाको निर्णय नं २०८२/०८३-५।१० (क) बाट स्वीकृत डि.इ.आर. अनुरूप कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारीहरूको स्थलगत अध्ययन, अवलोकन तथा निरीक्षण प्रक्रियाबाट कायम हुन आएको लागत अनुमान रकम रू ६,९९,९०,८२८।३६ (अक्षरेपि छ करोड अनान्सय लाख नब्बे हजार आठ सय अठ्ठाइस रूपैयाँ छत्तिस पैसा) स्वीकृत गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेगरी खरिद/ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।११**

प्रस्ताव नं २०८२/०८३-०५।११ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक वर्ष २०८३।०८४ को आय, व्ययको प्रक्षेपण सहितको तथ्याङ्क

रुपा गाउँपालिका कास्की

संशोधन सहित स्वीकृत गरी संघीय तथा प्रादेशिक कार्यालयहरूमा पत्राचार गरी पठाउने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-५।१२**

प्रस्ताव नं २०८२/०८३-५।१२ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

क) रूपा गाउँपालिका वडा नं ३ मा ठेक्का नं 16/RUPA/NCB/WORKS/2081/082, CONSTRUCTION OF INFRASTRUCTURE AROUND SAHID AND TOURISM PARK निर्माणार्थ यस कार्यालय र रोज डिजाइन कन्सल्ट प्रा. लि. बिच मिति २०८२/०२/१३ गते रकम रू ६५७१९५९/७४ मा कार्यसम्पन्न गर्नेगरी सम्झौता भएको। उक्त योजनाको प्राविधिक मुल्याङ्कन सहित प्राप्त भएको कार्यस्वीकार्य प्रतिवेदनका आधारमा जम्मा रकम रू ५९४१५४९/२२ बराबरको निर्माण कार्य भइ मिति २०८२/०४/०४ मा सम्पन्न कार्य स्वीकार्य भएको।उक्त योजनाको अन्तिम बिल अनुसार रकम रू. १६५३६३५/९० भ्याट सहित मुल्याङ्कन भएकोमा उक्त मुल्याङ्कनका आधारमा उक्त निर्माण कम्पनीलाई मिति २०८२/०६/०९ मा रकम रू.१५०००००/- भुक्तानी भएको देखिन्छ।तसर्थ, जम्मा मुल्याङ्कनमध्ये रकम रू १५३६३५/९० अपुग भइ भुक्तानी बाँकी रहेकाले उक्त बाँकी रकम कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकमा खर्च लेख्नेगरी भुक्तान दिने निर्णय गरियो।

ख) रूपा गाउँपालिका कास्कीको छोरी पेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरियो।

ग) रुपा गाउँपालिका कास्कीको वन कार्यविधि ,२०८२ स्वीकृत गरियो।

घ) रूपा गाउँपालिका रूपा गाउँ कार्यपालिकाको कार्यालय, कास्कीको कार्यालय प्रयोजनार्थ सवारी साधन, एम्बुलेन्स, व्याक्हो लोडर लगायत जेनेरेटर प्रयोगमा हुदै आएकोमा यस कार्यालयबाट सेवा प्रवाहको लागि प्रयोग गरिएका मेसिनरी साधनहरुको सञ्चालन सहित जनप्रतिनिधि, कर्मचारीहरुले कार्यालय प्रयोजनार्थ प्रयोग भएका सवारी साधनहरूको २०८२ असोज महिनाको इन्धन बापतको खर्च रकम रू ३३२३१४/- (अक्षरेपि तिन लाख बत्तिस हजार तिन सय चौध मात्र) अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

ङ) रूपा गाउँपालिका अन्तर्गत रूपाकोट अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनमा रहेको। उक्त अस्पताललाई प्रथम सेवा विन्दु राखी स्वास्थ्य बिमामा आवद्ध रूपा गाउँपालिकाका स्थायी बासिन्दाहरूलाई स्वास्थ्य बिमा गर्दा लाग्ने खर्चको पचास प्रतिशत अनुदान रकम उपलब्ध गराउने गरि निर्णय भएकोमा रूपा गाउँपालिका कास्कीका स्थायी बसोबास भएका अपाङ्गता कार्ड बाहकलाई बिमा दर्ता तथा नवीकरण गर्दा लाग्ने शुल्कमध्ये तपसिल बमोजिमको अनुदान/सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| क स | परिचयपत्र प्रकार | अनुदान/राहत | कैफियत |
|---|---|---|---|
| १ | पहेलो कार्ड | १०००/- | |
| २ | सेतो कार्ड | ७५०/- | |

च) रूपा गाउँपालिका वडा नं ५ स्थित देउराली बागभञ्याङ रामदी मर्ज्याङ्कोट सडकको मर्मत (वडा नं ५ शाखा मोटरबाटो मर्मत) कार्य गरी प्राविधिक मुल्याङ्कन प्रतिवेदन सहित कागजात पेस गरेकाले उक्त खर्च अनुमोदन गरी मुल्याङ्कन प्रतिवेदनका आधारमा रकम रू ६० हजार नबढ्नेगरी कार्यपालिकाबाट विनियोजन हुँने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो।

छ) रूपा गाउँपालिका कास्की र राधा निर्माण सेवा बिच रूपा गाउँपालिका वडा नं १ जाने मोटरबाट निर्माणार्थ आ.व. २०८१/०८२, मिति २०८१/०८/१८ गते सम्झौता भएको ठेक्कालाई चालु आ.व. २०८२/०८३ मा सो शीर्षकमा आवश्यक बजेट विनियोजन नभएको र ठेक्काको अन्तिम म्याद २०८२/०८/१८ गते रहेकाले आवश्यक पर्ने बजेट सुनिश्चित वा ठेक्का स्वीकार गरीदिने सम्बन्धी बेहोराको निर्माण व्यवसायीको तर्फबाट मिति २०८२/०६/०२ मा निवेदन पेस भई मिति २०८२/०६/१० मा यस कार्यालयमा दर्ता भएको। चालु आर्थिक वर्षका लागि सङ्घीय सरकारद्वारा उल्लिखित सडक कालोपत्रे गर्न बजेट विनियोजन भएकाले बजेट विनियोजनमा दोहोरोपन हुन गई गाउँपालिकामा थप आर्थिक भार समेत पर्ने देखी रूपा गाउँपालिकाको १८ औं गाउँ सभाबाट सो योजनामा बजेट विनियोजन नभएको। उक्त योजनाको सम्झौता रकम रु १,११,९३,९०७.४६ मध्ये मिति २०८२/०३/२५ गते दर्ता भएको IPC-०३ सम्मको कार्यप्रगति सहित अद्यावधिक रकम रु ९४,४१,५७८.४१/- को कार्यसम्पादन प्रगति देखिएको र उक्त योजनामा चालु आर्थिक वर्षमा स्रोत सुनिश्चितता समेत नभएकाले उक्त कार्यलाई नै स्वीकार गर्ने गरी भएको कार्य बराबर भेरिएसन आदेश समेत स्वीकृत गरी आगामी गाउँसभामा पेस गर्ने निर्णय गरीयो ।

मिति २०८२ कार्तिक १४ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(विष्णु प्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

रूपा गाउँपालिका कास्की